# अभ्यास खेलमा नेपाल स्कटल्याण्डसँग पराजित

**हिमालय टाइम्स**
काठमाडौं, २५ पुस



आइसिसी महिला टी-२० विश्वकप ग्लोबल छनोटअघि भइरहेको अभ्यास खेलमा नेपाली महिला क्रिकेट टोली स्कटल्याण्डसँग पराजित भएको छ। शुक्रबार दिउँसो सम्पन्न खेलमा नेपाल स्कटल्याण्डसँग पराजित भएको हो। स्कटल्याण्डले दिएको १८४ रनको बलियो लक्ष्य पछ्याएको नेपालले २० ओभरमा ६ विकेट गुमाएर १५६ रन बनायो।

नेपालका लागि सम्झना खड्काले सर्वाधिक अविजित ५२ रन बनाउनुभयो। कविता कुँवरले अविजित २९ रन जोडनुभयो भने कप्तान इन्दु बर्माले २८ तथा कविता जोशीले २२ रन बटुल्नुभयो। स्कटल्याण्डका लागि डार्शी कार्टरले तीन ओभरमा १५ रन दिएर तीन विकेट लिनुभयो। क्याथरिन ब्रिस, ओलिभिया बेल र चोल अबेलले एक-एक विकेट लिनुभयो।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको स्कटल्याण्डले २० ओभरमा ६ विकेट गुमाएर १८३ रन बनाएको थियो। क्याथरिन ब्रिसले २८ बलमाअविजित ६२ रन बनाएर रिटायर हुनुभयो। प्रियानाज चटर्जीले अविजित ४० रन जोडनुभयो। नेपालका लागि रुबिना क्षेत्री र कविता कुँवरले दुई-दुई विकेट लिनुभयो भने रिया शर्मा र रचना चौधरीले एक-एक विकेट लिनुभएको थियो।

यसअघि नेपाल बुधबार अमेरिकासँग पराजित भएको थियो। अब नेपालले आइतबार जिम्बावेसँग प्रतिस्पर्धा गर्नेछ।

नेपालका दुई मैदानमा यही पुस २८ देखि हुने विश्वकपमा छनोटका लागि नेपालले यसअघि नै टोली घोषणा गरिसकेको छ। इन्दु बर्माको कप्तानी रहेको नेपाली टोलीको उपकप्तानको जिम्मेवारी पूजा महतोलाई दिइएको छ।

नेपाली टोलीमा इन्दु बर्मा (कप्तान), पूजा महतो (उप-कप्तान, रुविना क्षेत्री, सीता रानामगर, बिन्दु रावल, सम्झना खड्का, काजल श्रेष्ठ, कविता जोशी, कविता कुँवर, रचना चौधरी, रिया शर्मा, रोमा थापा, सुमन विष्ट, राजमती ऐरी र मनिषा उपाध्याय हुनुहुन्छ।

टी-२० विश्वकपको विश्व छनोटका खेल नेपालको त्रिवि मैदान र मूलपानी मैदानमा हुनेछन्। खेल तालिका अनुसार नेपालको पहिलो खेल थाइल्याण्डविरूद्ध हुनेछ। समूह 'बी'मा नेपालले स्कटल्याण्ड, थाइल्याण्ड, जिम्बावे र नेदरल्याण्ड्ससँग प्रतिस्पर्धा गर्नेछ। त्यसअघि नेपालले आयरल्याण्ड र अमेरिकासँग वामअप खेल खेल्दैछ।

छनोटमा १० देश सहभागी हुनेछन्। तीमध्ये शीर्ष चार देश इंग्ल्याण्डमा सन् २०२६ को जुनमा हुने महिला टी-२० विश्वकपमा छनोट हुनेछन्। समूह 'ए'मा बंगलादेश, आयरल्याण्ड, पिएनजी, नामिबिया र अमेरिका छन्। समूह 'बी'मा स्कटल्याण्ड, थाइल्याण्ड, जिम्बावे, नेदरल्याण्ड्स र नेपाल छन्। विश्वकप छनोटमा नेपालको खेलमा नेपाल भर्सेस थाइल्याण्ड माथिल्लो मूलपानी मैदानमा माघ ४ गते हुनेछ। नेपाल भर्सेस नेदरल्याण्ड्स माथिल्लो मूलपानी मैदानमा माघ ८ गते हुनेछ। नेपाल भर्सेस जिम्बावे त्रिवि मैदानमा माघ १० गते हुनेछ भने नेपाल भर्सेस स्कटल्याण्ड त्रिवि मैदानमा माघ १२ गते हुनेछ।

## टेष्ट राष्ट्रसँग खेल्ने अवसर

ग्लोबल छनोटमा शीर्ष चारमा स्थान बनाउँदा नेपालले पहिलोपटक विश्वकप खेल्न अवसर पाउनेछ।

यससँगै टेष्ट मान्यताप्राप्त राष्ट्रविरुद्ध खेल्ने मौका नेपालसमक्ष छ। इंग्ल्याण्डमा आगामी १२ जुनदेखि ५ जुलाईसम्म हुने आइसिसी महिला टी-२० विश्वकपको समूह विभाजन भइसकेको छ। समूह 'ए'मा अष्ट्रेलिया, भारत, पाकिस्तान र दक्षिण अफ्रिका छन्।

समूह 'बी'मा इंग्ल्याण्ड, न्यूजिल्याण्ड, श्रीलंका र वेष्ट इण्डिज रहेका छन्। यी दुवै समूहमा ग्लोबल छनोटबाट आउने समान दुई राष्ट्रले स्थान बनाउनेछन्। यस अर्थमा ग्लोबल छनोटमा शीर्ष चार स्थानमात्र रक्षा गर्दा नेपालले महिला क्रिकेटकै शक्तिशाली राष्ट्रविरुद्ध प्रतिस्पर्धा गर्ने अवसर प्राप्त गर्नेछ। आइसिसीले ग्लोबल छनोटपछि मात्र वरीयता अनुसार चार राष्ट्रलाई समूहमा समावेश गर्नेछ।

# फुटसल च्याम्पियनसिप खेल्ने नेपाली टिमको बिदाइ

**हिमालय टाइम्स**
काठमाडौं, २५ पुस



दक्षिण एसियाली फुटबल महासंघ (साफ) फुटसल च्याम्पियनसिप खेल्ने नेपाली राष्ट्रिय टिमको बिदाइ गरिएको छ। अखिल नेपाल फुटबल संघ (एन्फा)ले सातदोबाटोस्थित मुख्यालयमा एक कार्यक्रमबीच शुक्रबार च्याम्पियनसिप खेल्ने पुरुष तथा महिला फुटसल टिमको बिदाइ गरेको हो।

कार्यक्रममा एन्फा अध्यक्ष पंकचविक्रम नेम्वाङले प्रतियोगिताको उपाधि उचाल्ने सके नयाँ खेलाडीका निम्ति प्रेरणाको स्रोत बन्ने बताउनुभयो। दुवै मिटका खेलाडीलाई उहाँले सफलताका लागि शुभकामना दिनुभएको थियो।

पुरुष टिमको मुख्य प्रशिक्षकमा अनिलबहादुर गुरुङ हुनुहुन्छ। कप्तानमा विजय श्रेष्ठ हुनुहुन्छ। यस्तै, महिला टिमको मुख्य प्रशिक्षकमा विक्रम महर्जन हुनुहुन्छ भने कप्तानमा दीपा राई हुनुहुन्छ।

यही जनावरी १३-२६ सम्म थाइल्याण्डमा साफको इतिहासमा पहिलोपटक फुटसल च्याम्पियनसिप आयोजना गरिँदैछ। प्रतियोगितामा नेपाल, भारत, बंगलादेश, माल्दिभ्स, भुटान, पाकिस्तान र श्रीलंका गरी दक्षिण एसियाका सातै देशको सहभागिता छ।

पुरुष फुटसल टिममा अमित लामा, अशोक दर्लामी, विजय श्रेष्ठ, विक्रान्तसिंह राना, विशाल सरुमगर, दिपेश श्रेष्ठ (गोलकिपर), जेनिस प्रजापति, लाक्पा तामाङ, पदम तामाङ (गोलकिपर), पेम्बा दोर्जे लामा, सञ्जय स्याङ्ताङ, सरोज तामाङ, सुवित लामा र सुरज गुरुङ हुनुहुन्छ।

महिला फुटसल टिममा अनिता केसी, अञ्जलि मचामसी, विमला चौधरी, विमल थापा, दीपा राई, जेनिफर राना, झरना डुम्राकोटी (गोलकिपर), मनीषा थापामगर, प्रतीक्षा ठकुरी, रोशनी बोहरा क्षेत्री, सावित्रा किसन (गोलकिपर), सजनी कोइराला, सुनकला राई र सुष्मा तामाङ हुनुहुन्छ।


सुर्नया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रौलेश्वर, बैतडी

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मितिः २०८२/०९/२५

यस कार्यालयबाट मिति २०८२/०८/१९ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार देहाय बमोजिमको ठेक्काहरुमा तपशिल बमोजिमको बोलपत्रदाताहरुलाई यस कार्यालयको बोलपत्र मूल्यांकन समितिबाट स्वीकृत भएकाले सार्वजनिक खरीद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम सम्पूर्ण बोलपत्रदाताहरुको जानकारीका लागि यो ७ दिने बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ।

| सि. नं. | ठेक्का न. | कामको विवरण | स्वीकृत बोलपत्रदाताको नाम | कबोल अंक (मू.अ.क.र पि.एस.सहित) |
|---|---|---|---|---|
| १. | NCB/SRM/BAITADI/03/082-083 | Construction Of Motinagar, Kharkadhar To Riga Road Upgrading, Surnaya-6. | Anirudra Nirman Sewa, Surnaya-6, Baitadi. | 1531458.93 |
| २. | NCB/SRM/BAITADI/04/082-083 | Constreuction Of Siude Bijul Bagthala Road Upgrading, Surnaya- 2,3. | Prakriti Construction, Patan-6, Baitadi. | 7103354.86 |
| ३. | NCB/SRM/BAITADI/05/082-083 | Constreuction Of Syagair To Kurkutya Gwani Road, Surnaya-2. | Prakriti Construction, Patan-6, Baitadi. | 3870193.91 |
| ४. | NCB/SRM/BAITADI/06/082-083 | Constreuction Of Bachpani Ward Office To Sela Jhadbo Road Upgrading, Surnaya-8. | Tin Bhai Construction, Patan-6, Baitadi. | 3080990.46 |

प्रमुख प्रशासकीय अधिकृत


# उर्जन यू-२० राष्ट्रिय फुटबल टिमको मुख्य प्रशिक्षक नियुक्त



**हिमालय टाइम्स**
काठमाडौं, २५ पुस

उर्जन श्रेष्ठ राष्ट्रिय यू-२० फुटबल टिमको मुख्य प्रशिक्षकमा नियुक्त हुनुभएको छ। अखिल नेपाल फुटबल संघ (एन्फा)ले शुक्रबार माल्दिभ्समा हुने साफ यू-२० च्यम्पियनसिपका निम्ति राष्ट्रिय यू-२० टिमको मुख्य प्रशिक्षक नियुक्त गरेको हो।

एन्फाले मुख्य प्रशिक्षक उर्जनसँगै टिमको सहायक मुख्य प्रशिक्षकमा जितबहादुर पुन र गोलकिपर प्रशिक्षकमा गंगाराम देउजालाई नियुक्त गरेको छ। एन्फा महासचिव किरण राईले शुक्रबारै सातदोबाटोस्थित एन्फा मुख्यालयमा उनीहरूलाई नियुक्तिपत्र हस्तान्तरण गर्नुभएको थियो। माल्दिभ्सको आयोजनामा आउँदो मार्च २२ देखि अप्रिल ३ सम्म प्रतियोगिता सञ्चालन हुनेछ।


**Invitation for Bids**
Government of Nepal
**Mapya Dudhkoshi Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Khastap, Solukhumbu**

**Invitation for Bids No: MDRM/NCB/WORKS/2082/083-01**

**Date of publication: 2082/09/26**

1. **The Government of Nepal has allocated funds or received a loan/credit/grant** from **GoN** towards the cost of **Construction of Basa Lambagar Modular Bridge Bailey Type at Lambagar, Basa, Solukhumbu** and intends to apply part of the funds to cover eligible payments under the Contract for **Construction of Basa Lambagar Modular Bridge Bailey Type at Lambagar, Basa, Solukhumbu Contract No. MDRM/NCB/WORKS/2082/083-01**. Bidding is open to all eligible as per Section V of bidding document.
2. **Mapya Dudhkoshi Rural Municipality, Khastap, Solukhumbu** invites sealed bids or electronic bids from eligible bidders for the construction of **Construction of Basa Lambagar Modular Bridge Bailey Type at Lambagar, Basa, Solukhumbu** under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
   **Only eligible bidders with the following key qualifications should participate in this bidding:**
   • Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: **NRs. 5,00,00,000**
   • Minimum Work experience of similar size and nature: **at least one construction of bailey bridge/Truss Bridge with a value of a least NRs. 2,00,00,000 or above**.
3. Bidder who chooses to submit their bid electronically, Bidders are required to submit two separate bid response documents, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, as per the provision of ITB 21 of the Bidding Document.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Mapya Dudhkoshi Rural Municipality, Khastap, Solukhumbu /dudhkoshimun.gov.np** or may visit PPMO e-GP system **www.bolpatra.gov.np/egp**.
5. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system **www.bolpatra.gov.np/egp**. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document **Rs 5,000** in the account as specified below .
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: **Agriculture Development Bank**
   Name of Office : **Mapya Dudhkoshi Rural Municipality, Khastap, Solukhumbu**
   Office Code no. : **801010903**
   Account no.: **1125601506508055**
   Account Name : **Mapya Dudhkoshi Rural Municipality**
   Rajaswa (revenue) Shirshak no. : **142209**
6. Pre-bid meeting shall be held at **Mapya Dudhkoshi Rural Municipality, Khastap, Solukhumbu** at **2082/10/25 11:00 am.**
7. Sealed or electronic bids must be submitted to the office **Mapya Dudhkoshi Rural Municipality, Khastap, Solukhumbu** by hand/courier or through PPMO's e-GP system **www.bolpatra.gov.np/egp** on or before **12:00 Noon** on **2082/10/26**. Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **2082/10/26 12:00 Noon** at the office of **Mapya Dudhkoshi Rural Municipality, Khastap, Solukhumbu**. Bids must be valid for a period of **90 days** from the bid submission deadline and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of **NRs. 13,00,000** which shall be valid for **30 days** beyond the validity period of the bid **120 days** from the bid submission dateline.
   Name of Bank : **Agriculture Development Bank**
   Name of the Office : **Mapya Dudhkoshi Rural Municipality, Khastap, Solukhumbu**
   Office Account No. : **1125601506508047**
   Account Name : **Mapya Dudhkoshi Rural Municipality**
   Office Code No : **801010903**
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**


# बागमती प्रदेशस्तरीय खुला तेक्वान्दो लिग आजबाट

**हिमालय टाइम्स**
काठमाडौं, २५ पुस



जिल्ला समन्वय समिति काठमाडौंको समन्वय, बागमती प्रदेश तेक्वान्दो संघको प्राविधिक सहयोग र कागेश्वरी मनोहरा नगरपालिकाको आयोजनामा बागमती प्रदेशस्तरीय खुला तेक्वान्दो लिग आज (शनिबार)देखि हुनेभएको छ। प्रतियोगितामा करिब ३५० खेलाडीको सहभागिता रहने बागमती प्रदेश तेक्वान्दो संघका अध्यक्ष केशव पुरीले जानकारी दिनुभयो। प्रतियोगिताको सिनियर/जुनियर पुरुषमा समान पाँच-पाँच तथा सिनियर/जुनियर महिलामा समान पाँच-पाँच गरी जम्मा २० स्पर्धामा प्रतिस्पर्धा हुनेछ।

लिगको यो दोस्रो संस्करणको पहिलो प्रतियोगिता हो भने समग्रमा पाँचौं प्रतियोगिता हो। यसअघि लिगको पहिलो संस्करणमा चार प्रतियोगिता भएका थिए। लिगको हरेक संस्करणमा एक वर्षको अवधिमा तीन महिनाको अन्तरालमा एउटा प्रतियोगिता हुनेगरेको छ। त्यसअन्तर्गत दोस्रो संस्करणमा पनि चार प्रतियोगिता हुनेछ। लिगमा हरेक तौल समूहमा पहिलो हुनेलाई १०, दोस्रोलाई सात र तेस्रोलाई तीन अंक प्रदान गरिनेछ। चारवटा लिग सम्पन्न भएपछि खेलाडीको प्रदर्शनका आधारमा एक उत्कृष्ट पुरुष/महिला खेलाडीलाई मोटरसाइकल प्रदान गरिनेछ। अब हुने लिगको हरेक स्पर्धामा शीर्ष तीनस्थान हासिल गर्ने उपत्यकाबाहिरका खेलाडीलाई आगामी लिगमा खाना, बसोवास र यातायातको सुविधा पनि दिइनेछ। मोटरसाइकल पुरस्कारसहित दुवैको व्यवस्थापन जिल्ला समन्वय समिति काठमाडौंले गर्नेछ।

प्रदर्शनलाई नै मध्यनजर गरी चौथो लिगको समाप्तिमा हरेक तौल समूहमा शीर्ष तीन स्थानमा रहने खेलाडीलाई क्रमशः १५ हजार, १० हजार र पाँच हजार नगद पुरस्कारबाट पुरस्कृत गरिनेछ। दुई दिने प्रतियोगिताका खेलहरू थलीस्थित आयोजक कागेश्वरी नगरपालिकाको हातामा खेलाइनेछ। यसअघि नागार्जुन, टोखा, बूढानीलकण्ठ र तारकेश्वर नगरपालिकामा लिग भएको थियो।

# पिएसजीले उचाल्यो फ्रेन्च सुपर कपको उपाधि




**एजेन्सी**
पेरिस, २५ पुस

फ्रेन्च सुपर कप फुटबल प्रतियोगिताको उपाधि च्याम्पियन्स लिग विजेता पेरिस सेन्ट जर्मन (पिएसजी)ले नै चुमेको छ। पिएसजीले बिहीबार राति कुवेतमा खेलिएको रोमाञ्चक फाइनल खेलमा बलियो प्रतिद्वन्द्वी मार्सेलीलाई पेनाल्टी सुटआउटमा ४-१ गोलले हराउँदै उपाधि चुमेको हो। पिएसजीले लगातार चौथोपटक फ्रेन्च सुपर कपको उपाधि जितेको हो। समग्रमा भने पिएसजीले जितेको यो १४औं फ्रेन्च सुपर कप उपाधि हो।

निर्धारित र थप गरिएको समयको खेल २-२ गोलको बराबरीमा सकिएपछि हार-जितको छिनोफानो पेनाल्टी सुटआउटबाट निकालिएको थियो। निर्धारित समयको १३औं मिनेटमा प्रभावशाली खेलाडी उस्मान डेम्बेलले पिएसजीका लागि पहिलो गोल गर्नुभएको थियो। सोही गोलका कारण पहिलो हाफमा पिएसजी अगाडि रह्यो। निर्धारित समयको ७६औं मिनेटमा मार्सेलीका मासन ग्रिनउडले पेनाल्टीमार्फत् जवाफी गोल गर्नुभयो। ८७औं मिनेटमा पीएसजीका विलियन पाचोबाट आत्मघाती गोल भयो।

विलियनको आत्मघाती गोलपछि मार्सेली २-१ ले अगाडि बढ्यो। तर, इन्जुरी समयको पाँचौं मिनेटमा पिएसजीका गोन्कालो रामोसले आकर्षक गोल गर्दै खेललाई २-२ को बराबरीमा पुर्‍याउनुभयो। पेनाल्टी सुटआउटमा पिएसजीका रामोस, भिटिन्हा, नुनो मेन्डेस र डिजायर डुले गोल गर्नुभयो। मार्सेलीका लागि भने माइकल मुरिल्लोले मात्र गोल गर्न सक्नुभयो।

पिएसजीले सन् २०१३ देखि सन् २०२० सम्म लगातार फ्रेन्च सुपर कपको उपाधि जित्दै आएको थियो। बीचमा एकपटक सन् २०२१ को उपाधि लिलेले जित्यो। त्यसयता फेरि पिएसजीले नै लगातार यो प्रतियोगिताको उपाधि उचाल्दै आएको छ। मार्सेलीले भने हालसम्म तीनपटक यो प्रतियोगिताको उपाधि जितेको छ।